# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५) काठमाडौं, वैशाख २१ गते २०५२ साल (पूर्वातिरिक्ताङ्क २ (घ)


## भाग ३

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना

**राजपरिषद् स्थायी समितिका सभापति र सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी नियमावली, २०५२**

राजपरिषद् स्थायी समितिका सभापति र सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी व्यवस्था गर्न आवश्यक भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३४ को उपधारा (२०) बमोजिम राजपरिषद् स्थायी समितिका सभापति र सदस्यहरूको पारिश्रमिक र सुविधा देहायका नियमावली बमोजिम तोकिबक्सेको छ ।

१. संक्षिप्त नाम प्रारम्भः (१) यी नियमावलीको नाम "राजपरिषद् स्थायी समितिका सभापति र सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी नियमावली, २०५२" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा –

(क) "राजपरिषद्" भन्नाले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३४ को उपधारा १ बमोजिमको राजपरिषद् सम्झनु पर्दछ ।

(ख) "स्थायी समिति" भन्नाले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३४ को उपधारा (१४) बमोजिम गठित राजपरिषद् स्थायी समिति सम्झनु पर्दछ ।

(ग) "सभापति " भन्नाले राजपरिषद् स्थायी समितिको सभापति सम्झनु पर्छ र सो शब्दले कार्यवाहक सभापतिलाई समेत जनाउँछ ।

(घ) "सदस्य" भन्नाले राजपरिषद् स्थायी समितिका पदेन सदस्य बाहेकका अन्य सदस्य सम्झनु पर्छ ।

३. पारिश्रमिकः (१) सभापतिलाई प्रतिमास सात हजार पाँचसय रूपैयाँ र सदस्यलाई प्रतिमास पाँच हजार छसय रूपैयाँ पारिश्रमिक दिइनेछ ।

(२) श्री ५ को सरकारबाट समय-समयमा गरिने पारिश्रमिक र सुविधा वृद्धि अनुसार सभापति र सदस्यहरूको पनि पारिश्रमिक र सुविधा वृद्धि हुनेछ ।

(३) सभापति वा सदस्यको पदावधि समाप्त भएमा वा राजीनामा स्वीकृत भएमा वा मृत्यु भएमा निजलाई थप सुविधाको रूपमा एक महिनाको पारिश्रमिक दिइने छ ।

४. आवास सुविधा : (१) सभापति र सदस्यलाई आवासको निमित्त श्री ५ को सरकारबाट सरकारी घरको बन्दोवस्त हुनेछ । त्यस्तो सरकारी घरको बन्दोवस्त नभएमा र उपत्यकामा आफ्नो उपयुक्त घर नहुनेलाई आवास सुविधा बापत प्रति महीना सभापतिलाई सात हजार रूपैयाँ र सदस्यलाई तीन हजार पाँच सय रूपैयाँ दिइनेछ ।

(२) घर भाडामा बस्ने सभापतिको लागि आवश्यक फर्निचर श्री ५ को सरकारबाट उपलब्ध गराइनेछ ।

(३) उपत्यकामा आफ्नो घर भई सो घरमा बस्ने सभापति र सदस्यलाई घर मर्मत र सजावटको लागि एकमुष्ट क्रमशः तीस हजार रूपैयाँ र बीस हजार रुपैयाँ दिइनेछ ।

(४) उपत्यकामा आफ्ना घर भई सो घरमा बस्ने सभापति र सदस्यलाई घर मर्मत र संभारको लागि प्रतिवर्ष सभापतिलाई तीन



38

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हजार रूपैयाँ र सदस्यलाई दुई हजार छसय साठी रुपैयाँ दिइनेछ ।

(५) यस नियमबमोजिमको सुविधा सभापति र सदस्यलाई निजको कार्यकाल समाप्त भएको मितिले सात दिनसम्म दिइनेछ ।

५. बिजुली, धारा र टेलिफोन सुविधा : (१) सभापतिको आवासमा जडान गरिएको एक लाइन टेलिफोनको जडान खर्च र धरौटी बापत लाग्ने खर्च श्री ५ को सरकारले व्यहोर्नुका साथै सभापतिको आवासको एक इकाई बिजुली, धारा र टेलिफोनको महसूल श्री ५ को सरकारले व्यहोर्नेछ ।

(२) सदस्यको आवासमा एक लाइन टेलिफोन जडान गर्न लाग्ने खर्च र धरौटी बापत लाग्ने रकम श्री ५ को सरकारले व्यहोर्नेछ ।

(३) सदस्यलाई टेलिफोन, धारा र बिजुली महसूल बापत प्रतिमास सातसय रूपैयाँ दिइनेछ ।

६. सवारी तथा इन्धन सुविधा: (१) सभापतिलाई सवारीको निमित्त मोटर एक, मासिक दुईसय पचास लिटर इन्धन र त्रैमासिक पाँच लिटर मोबिल उपलब्ध गराइनेछ ।

(२) सवारीको निमित्त प्रत्येक सदस्यलाई ड्राइभर सहितको मोटर एक, मासिक एकसय लिटर इन्धन र त्रैमासिक पाँच लिटर मोबिल उपलब्ध गराइनेछ ।

(३) आफ्नो सवारी साधन प्रयोग गर्न चाहने सदस्यलाई परिवहन खर्च बापत प्रतिमास चार हजार रूपैयाँ दिइनेछ ।

(४) सभापति र सदस्यले इन्धन र मोबिलको बिल भौचर बुझाउनु पर्ने छैन ।

(५) सरकारी मोटरको मर्मत संभार र सो मोटरलाई चाहिने ग्रीजको बन्दोवस्त केन्द्रीय सेवा विभागबाट हुनेछ ।

(६) यस नियमबमोजिमको सुविधा सभापति र सदस्यलाई निजको कार्यकाल समाप्त भएको मितिले सात दिनसम्म दिइनेछ ।

७. अन्य सुविधा: (१) सभापतिलाई मोटर र निवासस्थानमा झण्डाको तथा अंगरक्षकको हकमा पदीक एक र गार्डको रुपमा विल्लादार एक र जवान दशको सुविधा दिइनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) सदस्यले चाहेमा निजलाई अंगरक्षकको रूपमा कन्सटेबल प्रहरी एकको सुविधा दिइनेछ ।

८. दैनिक तथा भ्रमण भत्ताः (१) सभापति र सदस्यलाई राजपरिषद्को काममा नेपाल अधिराज्यभित्र भ्रमण गर्दा देहायबमोजिमको दैनिक तथा भ्रमण भत्ता दिइनेछ :–

(क) दैनिक भत्ताः सभापतिलाई प्रतिदिन एकसय पन्चान्नब्बे रूपैयाँ र सदस्यलाई प्रतिदिन एकसय चालीस रुपैयाँ ।

(ख) भ्रमण भत्ताः (१) पैदल भ्रमण गर्दा सभापतिलाई प्रतिकोशको पच्चीस रूपैयाँ तथा सदस्यलाई प्रतिकोशको पन्ध्र रूपैयाँ ।

(२) मोटरबाट भ्रमण गर्दा सभापति र सदस्यलाई बिल बमोजिमको इन्धन खर्च ।

(३) रेलबाट भ्रमण गर्दा सभापतिलाई एकजनालाई लाग्ने एयर कण्डिसन भएको ठाउँमा एयर कण्डिशनको र सो नभएको ठाउँमा पहिलो दर्जाको टिकट खर्च र बर्थ रिजर्भ गरेमा सो रिजर्भ गरेको खर्च समेत र सदस्यलाई एकजनालाई लाग्ने पहिलो दर्जाको टिकट खर्च ।

(४) हवाईजहाजबाट भ्रमण गर्दा लाग्ने टिकट खर्च ।

(२) सभापति र सदस्यलाई राजपरिषद्को काममा वा राजपरिषद्को तर्फबाट विभिन्न समारोह, उत्सव, सम्मेलन इत्यादिमा भाग लिन नेपाल अधिराज्य बाहिर भ्रमण गर्दा देहायबमोजिम दैनिक तथा भ्रमण भत्ता दिइनेछ ।

(क) दैनिक भत्ताः जापान, दक्षिण कोरिया, फिलिपिन्स बाहेक अन्य सबै एशियायी मुलुकहरूमा प्रतिदिन एकसय अमेरिकी डलर र जापान, दक्षिण कोरिया, फिलिपिन्स लगायत अन्य सबै मुलुकहरूमा प्रतिदिन एकसय पच्चीस अमेरिकी डलर दिइनेछ । भारतको हकमा परिवर्त्य विदेशी मुद्रा बराबर भारतीय मुद्रामा दैनिक भत्ता दिइनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३६

(ख) भ्रमण भत्ताः (१) मोटरबाट भ्रमण गर्दा एकजनालाई लाग्ने बिल बमोजिमको मोटर भाडा ।

(२) रेलबाट भ्रमण गर्दा सभापतिलाई एकजनालाई लाग्ने एयर कण्डिशन भएको ठाउँमा एयर कण्डिशनको र सो नभएको ठाउँमा पहिलो दर्जाको टिकट खर्च र सदस्यलाई एक जनालाई लाग्ने पहिलो दर्जाको टिकट खर्च ।

(३) हवाई जहाजबाट भ्रमण गर्दा सभापतिलाई नियमित सेवामा एक जनालाई लाग्ने पहिलो दर्जाको टिकट खर्च र सदस्यलाई नियमित सेवामा एक जनालाई लाग्ने इकोनोमी दर्जाको टिकट खर्च ।

(४) जलमार्गबाट भ्रमण गर्दा एक जनालाई लाग्ने बिलबमोजिमको खर्च ।

(३) सभापति र सदस्यले नेपाल अधिराज्य बाहिर औपचारिक रूपमा विदेशी राष्ट्रको अतिथिको रुपमा भ्रमणमा जाँदा त्यस्तो राष्ट्रमा रहुन्जेलसम्म उपनियम (२) को खण्ड (क) बमोजिम पाउने दैनिक भत्ताको आधाका दरले मात्र दैनिक भत्ता पाउने छन् ।

९. लुगा भत्ताः (१) राजपरिषद्को काममा वा राजपरिषद्को तर्फबाट विभिन्न समारोह, उत्सव, सम्मेलन इत्यादिमा भाग लिन नेपाल अधिराज्य बाहिर जाँदा तीन वर्षमा एकपटक लुगा भत्ता बापत सभापतिले पाँच हजार आठसय बीस रूपैयाँ र सदस्यले चार हजार दुईसय रूपैयाँ पाउनेछ ।

(२) उपनियम (१) बमोजिम नेपाल अधिराज्य बाहिर जाँदा सभापति र सदस्यले आफ्नो श्रीमतीसमेत साथमा लैजाने स्वीकृति पाएमा श्रीमतीको लागि आफ्नो एक महीनाको पारिश्रमिकको आधा रकम तीन वर्षमा एक पटक लुगा भत्ता बापत पाउनेछ ।

१०. नेता भत्ताः (१) सभापति र सदस्यले प्रतिनिधि मण्डलको नेताको रूपमा विदेशमा जाँदा आफूले पाउने दैनिक भत्ताको पचास प्रतिशत थप नेता भत्ता पाउने छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि श्री ५ को सरकारले तोकेको अवस्थामा बाहेक एक सदस्यीय प्रतिनिधि मण्डल जाँदा नेता भत्ता दिइने छैन ।

११ भैपरी आउने खर्चः (१) सभापति र सदस्यलाई नेपाल अधिराज्यका विभिन्न जिल्लामा वस्तुस्थिति अध्ययन भ्रमणमा जाँदा खर्चको फाँटवारी बुझाउनु नपर्ने गरी वर्षमा दुई पटकसम्म एक-एक हजार रूपैयाँ भैपरी आउने खर्च दिइनेछ ।

(२) सभापति र सदस्यले अन्तर्राष्ट्रिय सम्मेलन, सेमिनार आदिमा भाग लिन जाँदा श्री ५ को सरकारले निर्णय गरे बमोजिमको रकम भैपरी आउने खर्च बापत पाउने छन् र त्यस्तो खर्चको बिल भर्पाई बुझाउनु पर्ने छैन ।

(३) राजपरिषद्को कामको सिलसिलामा भ्रमणमा जाँदा सभापति र सदस्यलाई तीन लाख रूपैयाँको बीमा खर्च र उडान कर बापत लाग्ने रकम दिइनेछ ।

१२. निजी सचिवालय र कर्मचारीको व्यवस्थाः (१) सभापतिले आफ्नो कार्यकाल भरको लागि निजी सचिवालयको निमित्त देहायका कर्मचारीहरू नियुक्त गर्न सक्नेछ :–

| | |
|---|---|
| (क) स्वकीय सचिव (रा.प.द्वितीय श्रेणी) – | १ |
| (ख) टाइपिष्ट– | १ |
| (ग) ड्राइभर (रा.प.अनं. द्वितीय श्रेणी):– | २ |
| (घ) पियन– | २ |

(२) सभापतिलाई निजको कार्यकालभरका लागि निजी सचिवालय-को निमित्त आवश्यक फर्निचर र देहायका मालसामान उपलब्ध गराइनेछः–

| | |
|---|---|
| (क) देवनागरी टाइपराइटर– | १ थान |
| (घ) अंग्रेजी टाइपराइटर– | १ थान |
| (ग) साईकल– | २ थान |

(३) निजी सचिवालयको लागि मसलन्द तथा अतिथि सत्कारको निमित्त सभापतिलाई प्रतिमास दुई हजार रूपैयाँ दिइनेछ ।

(४) उपनियम (२) बमोजिमका सामानहरू सभापतिले आफ्नो कार्यकाल समाप्त भएको दुई हप्ताभित्र फिर्ता बुझाउनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. उपचारको सुविधाः (१) उपचारको निमित्त सभापति र सदस्यलाई चिकित्सकको निःशुल्क सेवा राजपरिषद् सचिवालयमा उपलब्ध गराइनेछ ।

(२) अस्पतालमा भर्ना भई औषधि उपचार गर्नुपर्ने भनी राजपरिषद् सचिवालयको चिकित्सकले सिफारिश गरेको कारण सभापति र सदस्यले अस्पतालमा भर्ना भई औषधि उपचार गराएमा त्यसरी उपचार गराउँदा लागेको सम्पूर्ण खर्च राजपरिषद् सचिवालयले व्यहोर्नेछ ।

१४. खारेजी र बचाउः (१) राजसभा स्थायी समितिका सभापति र सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी नियमावली, २०२६ लाई खारेज गरिएको छ ।

(२) यो नियमावली प्रारम्भ हुनुभन्दा अघि सभापति र सदस्यले यस नियमावली बमोजिमको सुविधा पाएको रहेछ भने त्यस्तो सुविधाहरू निजले यसै नियमावलीबमोजिम पाएको मानिनेछ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२५

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।